## पाठ १४

१. परमेश्वरको आज्ञा उल्लङ्घन गरिसकेपछि आदम र हव्वाले के गरे ?

- तिनीहरूले आफ्ना लागि पातका लुगा बनाए ।

२. किन आदम र हव्वाले आफ्ना लागि पातका लुगा बनाए ?

- किनभने तिनीहरूले आफ्नो पाप लुकाउने प्रयास गरे ।

३. के कसैले उसका पापहरू परमेश्वरबाट लुकाउन सक्छ ?

- सक्दैन ।
- कसैले पनि तिनीहरूका पाप परमेश्वरबाट लुकाउन सक्दैनन् ।

४. आदम र हव्वाले बनाएका पातका लुगा परमेश्वरले किन अस्वीकार गर्नुभयो ?

- परमेश्वर आदम र हव्वालाई तिनीहरू परमेश्वरलाई स्वीकारयोग्य हुने कुनै पनि कुरा बनाउन सक्षम छैनन् भन्ने सिकाउन चाहनुहुन्थ्यो ।

५. के हामी आफूले लगाएका लुगाद्वारा आफूलाई परमेश्वरलाई ग्रहणयोग्य हुने बनाउन सक्छौं ?

- सक्दैनौं ।

६. के हामी आफूले गरेका कामहरूद्वारा परमेश्वरलाई ग्रहणयोग्य बनाउन सक्छौं ?

- सक्दैनौं ।

७. को मात्रै एक हुनुहुन्छ जसले आदम र हव्वालाई परमेश्वरलाई स्वीकारयोग्य बनाउन सक्नुहुन्छ ?

- परमेश्वर ।

८. आदम र हव्वालाई लुगा बनाइदिनको निम्ति परमेश्वरले किन जनावरको वध गर्नुभयो ।

- परमेश्वर आदम र हव्वालाई सिकाउन चाहनुहुन्थ्यो ।

९. परमेश्वर आदम र हव्वालाई के सिकाउन चाहनुहुन्थ्यो ।

- अनाज्ञाकारिताले मृत्यु ल्याउँछ ।
- पापले मृत्यु ल्याउँछ ।
- पापको दण्ड मृत्यु हो ।

१०. परमेश्वरले आदम र हव्वाको निम्ति किन लुगा बनाउनुभयो ?

- किनभने परमेश्वरले आदम र हव्वालाई प्रेम गर्नुभयो ।

११. परमेश्वरले आदम र हव्वा स्वयम्लाई आफै लुगा लगाउन किन अनुमति दिनुभएन ?

- परमेश्वर आदम र हव्वालाई केवल परमेश्वरले मात्रै मानिसलाई ढाक्नसक्नुहुन्छ भन्ने सिकाइरहनुभएको थियो ।
- परमेश्वर आदम र हव्वालाई जसले आफ्नै बाटो पछ्याउँछ ऊ परमेश्वरका निम्ति स्वीकारयोग्य हुँदैन भनि सिकाइरहनुभएको थियो ।

१२. आदम र हव्वा कहिल्यै पनि अदनको बगैँचामा फेरि घुस्न नपाऊन् भनेर परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले करुब नाउँ गरेका स्वर्गदूत र ज्वालामय तरवार अदनको बगैँचाको मुख्य प्रवेशद्वारमा राख्नुभयो ।
- परमेश्वरले तिनीहरूलाई अदनको बगैँचाबाट निकालिदिनुभएपछि आदम र हव्वालाई के भयो ?

आउनुस् उत्पत्ति ४:१ पद पढौं ।

आफ्नी पत्नी हव्वासँग आदमको सहवास भयो अनि तिनी गर्भवती भएर एउटा छोरो कयिनलाई जन्माइन। तिनले भनिन, "परमप्रभुको सहायताद्वारा मैले एउटा मानिसलाई जन्म दिएँ।"

- परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट निकालिदिनुभएपछि हव्वाले एकजना छोरा जन्माईन् ।
- हव्वाले तिनको पहिलो छोराको नाम कियन राखिन् ।
- हव्वाले किन परमेश्वरको सहयोगबाट छोरा जन्माएँ भनिन् ।
- किनभने हव्वालाई परमेश्वर नै सबै जीवनका दाता हुनुहुन्छ भन्ने थाहा थियो ।
- कसले मात्रै सबै मानिसलाई जीवन दिनुहुन्छ ?
- परमेश्वरले ।
- परमेश्वरले मात्रै सबै मानिसलाई जीवन दिनुहुन्छ ।
- परमेश्वरले मात्रै तपाईँलाई पनि जीवन दिनुहुन्छ ।

आउनुस् उत्पत्ति ४:२ पद पढौं ।

[2] तिनले फेरि अर्को छोरो हाबिललाई जन्माइन। हाबिल भेँडा गोठालो भयो अनि कयिन खेतीवाला भयो।

- पछि हव्वाले दोस्रो छोरालाई जन्म दिईन् ।
- हव्वाले त्यस छोराको नाम हाबिल राखिन् ।

- कयिन र हाबिल कहाँ जन्मिएका थिए ?
- अदनको बगैँचाभन्दा बाहिर ।
- कयिन र हाबिल किन अदनको बगैँचाभन्दा बाहिर जन्मिएका थिए ?
- किनभने तिनीहरूका पिता आदम र माता हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर पाप गरे र परमेश्वरले त्यसैले तिनीहरूलाई अदनको बगैँचाबाट बाहिर निकालिदिनुभयो ।
- किनभने आदम र हव्वा अदनको बगैँचाबाट बाहिर निकालिए त्यसैले तिनीहरूका सन्तान अदनको बगैँचाभन्दा बाहिर जन्मिए ।
- किनभने आदम र हव्वा अब अदनको बगैँचाभन्दा बाहिर बसोबास गर्थे त्यसैले तिनीहरूका सन्तान अदनको बगैँचाभन्दा बाहिर जन्मिए ।
- यहाँ दुईवटा उदाहरणहरू छन् ।
- यदि तपाईंका मातापिता कालो छालाका छन् भने तपाईं पनि कालै जन्मिनुहुन्छ होइन त ?
- हो ।
- यदि तपाईंका मातापिता गोरो छालाका छन् भने तपाईं पनि गोरै जन्मिनुहुन्छ होइन त ?

- किनभने परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट बाहिर निकालिदिनुभयो त्यसैले कयिन र हाबिल अदनको बगैँचाभन्दा बाहिर जन्मिए ।
- किनभने परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट निकालिदिनुभयो त्यसैले अब सबै मानिस कहाँ जन्मिन्छन् ?
- अदनको बगैँचाभन्दा बाहिर ।
- कयिन र हाबिल अदनको बगैँचाभन्दा बाहिर जन्मिएका थिए ।
- सबै मानिसहरू अदनको बगैँचाभन्दा बाहिर जन्मिन्छन् ।
- अदनको बगैँचाभन्दा बाहिर बिमारी छ ।
- अदनको बगैँचाभन्दा बाहिर घृणा छ ।
- अदनको बगैँचाभन्दा बाहिर पाप छ ।
- अदनको बगैँचाभन्दा बाहिर मृत्यु छ ।
- सबै मानिसहरू अब अदनको बगैँचाभन्दा बाहिर जन्मिन्छन् ।
- सबै मानिसहरू बिमारीमा जन्मिन्छन् ।
- सबै मानिसहरू घृणामा जन्मिन्छन् ।
- सबै मानिसहरू पापमा जन्मिन्छनन् ।
- सबै मानिसहरू मृत्युमा जन्मिन्छन् ।
- सबै मानिसहरू परमेश्वरबाट अलग भएर जन्मिन्छन् ।
- सबै मानिसहरू शैतानको दासझैं भएर जन्मिन्छन् ।
- सबै मानिसहरू शैतानलाई मालिक बनाएर जन्मिन्छन् ।

- किन सबै मानिसहरू शैतानलाई मालिक बनाएर जन्मिन्छन् ?
- किनभने हाम्रा पिता आदमले परमेश्वरको आज्ञा उल्लङ्घन गरे र पाप गरे ।
- किनभने हाम्रा पिता आदमले शैतानको कुरा सुने ।
- यहाँ एउटा अर्को उदाहरण छ ।
- मानौं यहाँ कुनै विद्रोही जाति छ जसले तपाईंको जातिका सबै मानिसहरूलाई मार्न चाहन्छ ।
- एकदिन तपाईंको जातिको कुनै एउटा मानिस त्यस शत्रु जातिकहाँ गयो, तिनीहरूसँगै बस्यो, तिनीहरू जस्तै बन्यो र तिनीहरूकै एउटी केटीसँग विवाह गर्‍यो ।
- जब त्यस मानिसले बच्चा जन्मायो त्यसका सन्तान कस्ता हुन्छन् ?
- त्यही विद्रोही जातिजस्तै ।
- किनभने हाम्रा पिता आदमले शैतानको कुरा सुने र शैतानको दास बने त्यसैकारणले सबै मानिसहरू शैतानको दासझैं जन्मिन्छन् ।
- किनभने हाम्रा पिता आदमले शैतानको कुरा सुने र शैतान तिनको मालिक बन्यो त्यसैकारणले सबै मानिसहरू शैतानलाई मालिक बनाएर जन्मिन्छन् ।
- एकदिन कयिन र हाबिलले परमेश्वरकहाँ बलिदान चढाउन ल्याए ।

आउनुस् उत्पत्ति ४:३ पद पढौं ।

[3]केही समय पश्चात कयिनले भूमिको उब्जनीबाट केही खाने कुरो परमप्रभु कहाँ भेटीस्वरुप चढाउन ल्यायो

- कयिनले परमेश्वरलाई चढाउन बलिदानस्वरूप के ल्याए ?
- कयिनले केही अनाज परमेश्वरलाई चढाउन ल्याए ।
- हाबिलले परमेश्वरलाई चढाउन बलिदानस्वरूप के ल्याए ?

आउनुस् उत्पत्ति ४:४क पद पढौं ।

[4]हाबिलले पनि आफ्नो भेंडाको बथानबाट पहिले जन्मेको भेंडाको उत्तम भाग चढाउन ल्यायो।

- हाबिलले परमेश्वरलाई चढाउन भेडाको बोसे भाग ल्याए ।
- कयिन र हाबिलले किन परमेश्वरलाई बलिदान चढाए ?
- किनभने परमेश्वरले कयिन र हाबिललाई उहाँको सामु आउनको लागि बलिदान चढाउनै पर्छ भन्नुभयो ।
- कयिन र हाबिल आफ्नै सामर्थ्यले परमेश्वरको सामु जान सक्दैनथे ।
- किन कयिन र हाबिल आफ्नै सामर्थ्यले परमेश्वरको सामु जान सक्दैनथे ?
- किनभने तिनीहरूले पाप गरेका थिए र परमेश्वरबाट अलग भएका थिए ।
- किनभने परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ र सबै पापलाई दण्ड दिनुहुन्छ ।
- किनभने कयिन र हाबिल परमेश्वर सामु जान सक्दैनथे त्यसैले परमेश्वरले तिनीहरूलाई उहाँसम्म जाने बाटो बनाइदिनुभयो ।

- परमेश्वरले कयिन र हाबिललाई उहाँसामु जानसक्ने बनाइदिनुभएको बाटो के थियो ?
- परमेश्वरले कयिन र हाबिललाई भेडो बलिदान दिन भन्नुभयो ।
- किन परमेश्वरले कयिन र हाबिललाई भेडो बलिदान दिन भन्नुभयो ?
- परमेश्वर कयिन र हाबिललाई सिकाउन चाहनुहुन्थ्यो ।
- परमेश्वर कयिन र हाबिललाई के सिकाउन चाहनुहुन्थ्यो ।
- परमेश्वर कयिन र हाबिलले भेडाको रगत देखून् र पापले मृत्यु ल्याउँछ भन्ने कुरा जानून् भन्ने चाहनुहुथ्यो ।
- के भेडाको रगत कयिन र हाबिललाई बचाउन सफल भयो ?
- अहँ, भएन ।
- किन भेडाको रगतले कयिन र हाबिललाई बचाउन सकेन ।
- किनभने भेडाले पाप गरेको थिएन ।
- तर केवल कयिन र हाबिलले पाप गरेका थिए ।
- किनभने जनावरको रगतले मानिसको पापको मोल तिर्न सक्दैन ।
- परमेश्वरले कयिन र हाबिललाई परमेश्वर मात्रै तिनीहरूलाई बचाउन सक्षम हुनुहुन्छ भन्ने सिकाउन चाहनुहुन्थ्यो ।
- परमेश्वरले कयिन र हाबिललाई तिनीहरू परमेश्वरले भनेअनुसार गरे मात्रै उहाँकहाँ आउनसक्छन् भन्ने सिकाउन चाहनुहुन्थ्यो ।
- परमेश्वरले हाबिल र तिनको बलिदानबारे के विचार गर्नुभयो ?

आउनुस् उत्पति ४:४ख पद पढौं ।

अनि हाबिलले ल्याएको भेटी परमप्रभुले स्वीकार गर्नुभयो।

- परमेश्वरले किन हाबिल र तिनको बलिदान ग्रहण गर्नुभयो ?
- किनभने हाबिलले परमेश्वरले भनेको माने ।
- किनभने हाबिलले परमेश्वरसामु बलिदान स्वरूप भेडो ल्याए ।
- किनभने हाबिले परमेश्वरले भनेअनुसारको कुरा ल्याएर उहाँकहाँ आए ।
- हाबिलले आफ्नो बारेमा के थाहा पाए ?
- हाबिलले आफू पापमा जन्मिएको कुरा थाहा पाए ।
- हाबिलले तिनको पापको दण्ड मृत्यु हो भन्ने थाहा पाए ।
- हाबिलले परमेश्वरको बारेमा के कुरा थाहा पाए ?
- हाबिलले परमेश्वर पवित्र हुनुहुन्छ भन्ने कुरा थाहा पाए ।
- हाबिलले परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा पाए ।
- हाबिलले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने कुरा थाहा पाए ।
- हाबिलले परमेश्वरले तिनले गरका पापहरूबाट तिनलाई जोगाउन उद्धारकर्ता पठाउनहुन्छ भन्ने कुरा पनि विश्वास गरे ।
- त्यसकारण हाबिलले परमेश्वरको आज्ञा माने र एउटा भेडो बलिदानस्वरूप उहाँकहाँ ल्याए ।
- किनभने हाबिलले परमेश्वरको आज्ञा मानेको कारणले परमेश्वरले हाबिलले ल्याएको बलिदान ग्रहण गर्नुभयो ।

- किनभने हाबिल परमेश्वरकहाँ परमेश्वरको मार्गबाट गए त्यसैकारणले परमेश्वरले हाबिलले ल्याएको बलिदान ग्रहण गर्नुभयो ।
- कयिन र तिनले ल्याएको बलिदानको बारेमा परमेश्वरले के विचार गर्नुभयो ?

आउनुस् उत्पत्ति ४:५ पद पढौं ।

5 तर परमप्रभुले कयिन र उनले चढाएको भेटी स्वीकार गर्नु भएन। यसर्थ कयिन साह्रै रिसायो र दुःखी भयो।

- परमेश्वरले किन कयिन र तिनले ल्याएको बलिदान अस्वीकार गर्नुभयो ?
- के परमेश्वरले अनाज मन पराउनुहुँदैनथ्यो त्यसैले ?
- होइन ।
- परमेश्वरले नै अनाजको सृष्टि गर्नुभएको थियो ।
- त्यसोभए परमेश्वरले किन कयिन र तिनले ल्याएको अनाज ग्रहण गर्नुभएन ?
- किनभने कयिनले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।
- किनभने कयिनले परमेश्वलाई बलिदानस्वरूप भेडो चढाउन ल्याएनन् ।
- किनभने कयिन उनको आफ्नै तरिकाले परमेश्वरकहाँ जान खोजे नकि परमेश्वरको तरिकाले ।

- कयिनले आफ्नो बारेमा के विचार गरे ?
- कयिनले आफू पापमा जन्मिएको कुरा विचार गरेनन् ।
- कयिनले तिनको पापको दण्ड मृत्यु नै हो भन्ने कुरा विचार गरेनन् ।

- कयिनले परमेश्वरको बारेमा के विचार गरे ?
- कयिनले परमेश्वर पवित्र हुनुहुन्छ भन्ने कुरा विचार गरेनन् ।
- कयिनले परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने कुरा विचार गरेनन् ।
- कयिनले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भने कुरा विचार गरेनन् ।
- कयिनले तिनले गरेका पापबाट तिनलाई बचाउन एकजना उद्धारकर्ता चाहिन्छ भन्ने विचार गरेनन् ।

- कयिनले तिनले गरेका पापबाट तिनलाई बचाउन उद्धारकर्ता आऊन् भन्ने चाहेनन् ।
- किनभने कयिनले परमेश्वरको आज्ञा मानेनन् त्यसैले परमेश्वरले कयिनको बलिदान ग्रहण गर्नुभएन ।
- किनभने कयिन परमेश्वरकहाँ परमेश्वरको बाटो भएर आएनन् त्यसैले परमेश्वरले कयिनको बलिदान ग्रहण गर्नुभएन ।
- किन परमेश्वरले आदम र हव्वाले बनाएको लुगा अस्वीकार गर्नुभयो भन्ने कुरा तपाईंलाई सम्झना छ ?
- किनभने परमेश्वर आदम र हव्वालाई तिनीहरूले परमेश्वरलाई ग्रहणयोग्यहुने कुनै पनि कुरा बनाउन सक्दैनन् भन्ने थाहा पाऊन् भन्ने चाहनुहुन्थ्यो ।

- परमेश्वरले कयिनले तिनले परमेश्वरलाई ग्रहणयोग्य हुने कुने पनि कुरा बनाउन सक्दैनन् भन्ने थाहा पाऊन् भन्ने चाहनुहुन्थ्यो ।
- कयिनले ल्याएको बलिदान अस्वीकार गरिसकेपछि परमेश्वरले कयिनलाई के भन्नुभयो ?

आउनुस् उत्पत्ति ४:६-७

6 परमप्रभुले कयिनलाई सोध्नु भयो, "तँ किन रिसाएको छस्? 7 तँ किन आफ्नो अनुहार अँध्यारो पार्दछस्? यदि तैंले राम्रो काम गरिस् भने म तँलाई स्वीकार गर्छु अनि तैंले नराम्रो काम गरिस् भने पापले तँलाई एकदमै नियन्त्रण गर्नेछ तर तँ यसको मालिक हुनै पर्छ।"

- कयिनको बलिदान अस्वीकार गरिसकेपछि परमेश्वर किन कयिनसँग बोल्नुभयो ?
- किनभने परमेश्वरले कयिनलाई प्रेम गर्नुभयो ।
- किनभने परमेश्वरले कयिनले तिनको पाप स्वीकार गरून् भन्ने चाहभयो ।

- परमेश्वरले कयिनले तिनको आफ्नै तरिकाद्वारा परमेश्वरकहाँ आउन सक्दैनन् भन्ने बझून् भन्ने चाहनुभयो ।
- परमेश्वरले कयिनले तिनी परमेश्वरको तरिकाद्वारा मात्रै परमेश्वरकहाँ आउन सक्छन् भनेने बझून् भन्ने चाहनुभयो ।
- परमेश्वरले कयिनले आत्मिक आगोको दहमा नपरून् भनेर तिनलाई बुझून् भन्ने चाहनुभयो ।

- के कयिनले परमेश्वको कुरा सुने ?

आउनुस् उत्पत्ति ४:८ पद पढौं ।

[8]कयिनले उसको भाइलाई भने, "हामी खेतमा जाऔं!" अनि तिनीहरू खेतमा गएका थिए, कयिनले उसको भाइलाई आक्रमण गरी तिनलाई मार्यो।

- के कयिनले परमेश्वको कुरा सुने ?
- सुनेनन् ।
- कयिनले कसको कुरा सुने ?
- कयिनले शैतानको कुरा सुने ।
- कयिनले के गरे ?
- कयिन रिसाए र तिनका भाइ हाबिलको हत्या गरे ।
- शैतान आदम र हव्वा मरेको चाहन्थ्यो ।
- शैतान कयिनले हाबिलको हत्या गरून् भन्ने पनि चाहन्थ्यो ।
- शैतान सबै मानिसहरूलाई घृणा गर्छ ।
- शैतान सबै मानिसहरू मरून् भन्ने चाहन्छ ।
- शैतान सबै मानिसहरूलाई मार्न चाहन्छ ।
- शैतानले कयिनलाई तिनका भाइ हाबिलको हत्या गर्न भन्यो र कयिनले शैतानको कुरा माने ।
- आदम र हव्वाले शैतानको कुरा मानेजस्तै कयिनले पनि शैतानको कुरा माने ।

- कयिनले गरेको कुरा के परमेश्वरले देख्नुभयो ?
- देख्नुभयो ।
- परमेश्वर सबै कुरा देख्नुहुन्छ र सबै कुरा थाहा पाउनुहुन्छ ।
- कयिनले तिनका भाइ हाबिलको हत्या गरिसकेपछि परमेश्वरले कयिनलाई के भन्नुभयो ?

आउनुस् उत्पत्त ४:९ पद पढौं ।

9 तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तेरो भाइ हाबिल कहाँ छ?"

तब कयिनले उत्तर दियो, "म जान्दिन, मेरो भाइको हेरचाह गर्ने काम मेरो हो र?"

- परमेश्वरले कयिनलाई किन प्रश्न गर्नुभयो ?
- कयिनले तिनको पाप स्वीकार गरून् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ।
- कयिनले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका छन् भन्ने कुरा कयिनले उहाँलाई भनून् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ।
- कयिनले मैले शैतानको कुरा सुने भनेर परमेश्वरलाई भनून् भन्ने परमेश्वर चाहनुहुन्थ्यो ।
- परमेश्वरले कयिनलाई अरू के कुरा भन्नुभयो ?

आउनुस् उत्पत्ति ४:१०-१२ पद पढौं ।

10 त्यसपछि, परमप्रभुले कयिनलाई सोध्नु भयो, "तैंले उसलाई के गरिस्?
कारण भूमिबाट उसको रगत मसँग कराउँदैछ। 11 तैंले तेरो भाइको हत्या

गरिस् र तेरो हातबाट रगत पिउनलाई भूमिले मुख बाही रहेकोछ। यसकारण अब म त्यस भूमिमा नराम्रो कुराहरू हुने बनाइदिनेछु। [12] जब तैंले त्यो भूमिमा केही रोप्छस् तेरो निम्ति त्यस भूमिले केही फसल दिने छैन। पृथ्वीमा तेरो एउटा घर पनि हुने छैन, तँ एक ठाउँदेखि अर्को ठाउँ घुमिहिँड्ने छस्।"

- के परमेश्वरले कयिनलाई सजाय दिनुभयो ?
- हो, दिनुभयो ।
- परमेश्वरले सबै पापलाई दण्डित गर्नुहुन्छ ।
- परमेश्वरले सजाय नदिने कुनै पनि पाप छैन ।
- परमेश्वरले कयिनले गरेको पापमा कस्तो सजाय दिनुभयो ?
- परमेश्वरले कयिनलाई श्राप दिनुभयो ।
- परमेश्वरले कयिनले जमिन खनजोत गरे तापनि जमिन बाँझो बनोस् भनेर श्राप दिनुभयो ।
- कयिन धर्तिमा डुलुवा बन्नुपरोस् भनेर पनि श्राप दिनुभयो ।
- किनभने कयिनलले परमेश्वरको कुरा नसुनेर शैतानको कुरा सुनेको कारणले गर्दा परमेश्वरले तिनलाई टाढा लखेट्नुभयो ।

आउनुस् उत्पत्ति ४:१६ पद पढौं ।

[16] तब कयिन परमप्रभुको सामुन्नेबाट टाढा गएर अदनको पूर्वपट्टि नोद देशमा बस्न थाल्यो।

- कयिनले परमेश्वरेको कुरा सुन्न अस्वीकार गरे ।

- त्यसैले परमेश्वरले कयिनलाई टाढा लखेट्नुभयो ।
- कयिनले तिनले गरेको पापमा पश्चाताप गर्न पनि अस्वीकार गरे ।
- त्यसैले परमेश्वरले कयिनलाई टाढा लखेट्नुभयो ।
- पछि जब कयिन मरे तिनी त्यसपछि आत्मिक दण्डमा परे ।
- परमेश्वरको कुरा सुन्न इन्कार गर्नु एकदमै मूर्ख विचार हो ।
- पापको पश्चाताप गर्न इन्कार गर्नु एकदमै मूर्ख विचार हो ।
- कयिनजस्तो नहुनुहोस् ।
- कयिनले तिनी पापमा जन्मिएका हुन् भन्ने कुरा विचार गर्न इन्कार गरे ।
- कयिनले तिनको पापको सजया मृत्यु हो भन्ने कुरा विचार गर्न इन्कार गरे ।
- कयिनले परमेश्वरको बाटो पछ्याउन इन्कार गरे ।
- कयिनले तिनको आफ्नै बाटो रोजे र आत्मिक दण्डको भागिदार बने ।